# सम्बन्धका सुगन्धित फूलहरू

पश्चिमा संस्कृतिमा अँगालो हाल्नु, हात चुम्नुलाई प्रेम, आदर र समर्पणको गहिरो अभिव्यक्ति मानिन्छ। यो एउटा यस्तो कोमल स्पर्श हो, जसले शब्दमा व्यक्त गर्न नसकिने भावना प्रकट गर्छ। यसमा श्रद्धा र आशीर्वादका साथै पवित्र गहिराइ पनि हुन्छ। अन्ततोगत्वा यसले सम्बन्धलाई अझ प्रगाढ बनाउँछ।

निबन्ध



ज्ञानेन्द्र विवश



मानव सम्बन्धका सिलसिलालाई एकतामा 'उन्ने' र 'बुन्ने' अनेक तरिका छन्। प्रत्येक तरिकाले आत्मीय सम्बन्धको अनेकौं आयामलाई स्पर्श गर्छ। जस्तै, कसैलाई नमस्कार गर्नु, शिर झुकाउनु, हात मिलाउनु, परैबाट मनमा श्रद्धा प्रकट गर्नु। वास्तवमा यी सबै व्यवहार औपचारिक नभएर गहिरो मानवीय 'सम्बन्धका विम्बहरू' हुन्। यी हरेक क्रियाकलापले आफ्नो छुट्टै 'कथा' बोकेको हुन्छ। हृदयको भावनालाई 'शब्दहीन' भएर पनि अभिव्यक्त गरिरहेको हुन्छ। त्यहाँ 'सम्बन्धका सुगन्धित फूल' फुलिरहेका हुन्छन्।

कसैलाई 'नमस्कार' गर्दा वा शिर झुकाउँदा हामी सम्मान र विनम्र भाव प्रकट गर्छौं। यो केवल हात जोडेर टाउको निहुराउनु मात्र होइन, बरु अर्को व्यक्तिको अस्तित्वलाई स्वीकार गर्नु र उनीहरूप्रति आदर देखाउनु हो। यो कार्यले सम्बन्धमा एउटा सौहार्दपूर्ण सुरुवात गर्छ र परस्पर विश्वासको जग बसाल्छ। यसमा एउटा शान्त र गम्भीर खुसी लुकेको हुन्छ, जुन आत्माको गहिराइबाट निस्किएको हुन्छ।

हात मिलाउनु एउटा स्वाभाविक आत्मीयता हो। यसमा दुई हातको स्पर्शले दुई आत्माको मिलन गराउँछ। यो एउटा यस्तो 'पुल' हो, जसले परिचयबाट सम्बन्धमा 'परिणत' गर्छ। हात मिलाउँदा व्यक्त हुने ऊर्जा, विश्वास र स्नेहको आदानप्रदानले मनमा एक प्रकारको न्यानोपन र खुसीको अनुभूति दिन्छ। यो मित्रता र सहकार्यको प्रतीक हो, जहाँ दुई व्यक्ति एकार्कालाई स्वीकार गरी अगाडि बढ्न तयार हुन्छन्।

विशेषतः पश्चिमा संस्कृतिमा अँगालो हाल्नु, हात चुम्नुलाई प्रेम, आदर र समर्पणको गहिरो अभिव्यक्ति मानिन्छ। यो एउटा यस्तो कोमल स्पर्श हो, जसले शब्दमा व्यक्त गर्न नसकिने भावनालाई प्रकट गर्छ। यसमा श्रद्धा र आशीर्वादका साथै पवित्र गहिराइ पनि हुन्छ। अन्ततोगत्वा यसले सम्बन्धलाई अझ प्रगाढ बनाउँछ।

'नमस्कार' अर्थात् 'अभिवादन' आदर र आत्मीयताको अद्वितीय रूप हो। यसमा भावनाको गहिरो सञ्चार हुन्छ। कसैको उपस्थिति वा सम्झना गर्नुसँगै मनमा आदरभाव, कृतज्ञता वा प्रेम जाग्छ। यो नै वास्तविक 'हार्दिकता' हो। यसले भौतिक दुरीले भावनालाई छेक्न सक्दैन भन्ने कुराको प्रमाण दिन्छ। यो एउटा आत्मिक सम्बन्ध हो, जहाँ एउटा हृदयले अर्को हृदयलाई 'स्पर्श' गर्छ, स्पन्दित पार्छ र 'सम्बन्धका सुगन्धित फूल'लाई व्यक्तिदेखि समाजसम्म फैलाउँछ।

अपितु यी सबै व्यवहार व्यक्तिगत तथा सामाजिक रीतिरिवाज मात्र होइनन्। बरु हार्दिक मनका अभिव्यक्ति हुन्। यी हरेक क्रियाकलापले मनमा एक प्रकारको खुसी र सन्तुष्टि ल्याउँछ। जब हामी कसैप्रति साँचो श्रद्धा, प्रेम वा आदर व्यक्त गर्छौं, तब त्यो भावना हामीतिरै फर्केर हामीलाई नै खुसी दिइरहेको हुन्छ। त्यसले हाम्रा दुःखलाई बिर्साइरहेको हुन्छ।

> कसैलाई 'नमस्कार' गर्दा वा शिर झुकाउँदा हामी सम्मान र विनम्र भाव प्रकट गर्छौं। यो केवल हात जोडेर टाउको निहुराउनु मात्र होइन, अर्को व्यक्तिको अस्तित्वलाई स्वीकार गर्नु र उनीहरूप्रति आदर देखाउनु पनि हो। यो कार्यले सम्बन्धमा एउटा सौहार्दपूर्ण सुरुवात गर्छ र परस्पर विश्वासको जग बसाल्छ। यसमा एउटा शान्त र गम्भीर खुसी लुकेको हुन्छ, जुन आत्माको गहिराइबाट निस्किएको हुन्छ।

यो एउटा नियमित चक्र हो। यस चक्रमा 'दिने' र 'लिने' दुवै पक्षले आत्मीयताको अनुपम स्वाद चाख्न पाउँछन्। वास्तवमा, यी सबै भावभंगी मानव सम्बन्धको सुन्दरता र हार्दिकताका ज्वलन्त उदाहरण हुन्। यिनैबाट हाम्रो जीवनमा माया, सम्मान र खुसीको अनवरत प्रवाह भइरहन्छ। त्यस्तै 'जीवन्त' जीवन बाँच्नुको सुखद आनन्द मिलिरहेको महसुस हुन्छ।

सम्बन्धहरू अनेकौं फूलमा उनिएका सुन्दर र सुगन्धित माला हुन्। माया, श्रद्धा, प्रेम, आस्था, विश्वास, आदर आदि अनेक रङ त्यसमा मिसिएका हुन्छन्। यी शब्द मात्र होइनन्, भावनाका गहिरा अनुभूति पनि हुन्। सम्बन्धले हामीबिचको निकटतालाई परिभाषित गर्छ। कसैलाई नमस्कार गर्नु, हात मिलाउनु वा मनमा श्रद्धा प्रकट गर्नु। यी सबै एउटै मायाका भिन्न भिन्न स्वरूप हुन्। यो खुसीको अनुभूति हो। यो हार्दिक मनको अभिव्यक्ति हो। यो आपसी प्रगाढ मित्रताको प्रतीक पनि हो।

मनको पवित्र सम्बन्धको गहिराइले नै यस्ता व्यवहारलाई अर्थपूर्ण बनाउन सघाउँछ। कसैले कसैको हात अनायासै समाउँदैन। कसैले अचानक हात समातेर चुम्दैन। कसैले अँगालोमा बेरेर म्वाइँ खाँदैन। त्यसका लागि एउटा विशेष समय आउँछ। जुन समयमा हात मिलाउनु, नमस्कार गर्नु, हात समातेर चुम्बन गर्नुमा कुनै नराम्रो आशय वा गलत मनसायको कल्पना गर्नु व्यर्थ हुन्छ।

वास्तवमा यी क्रियाकलाप त स्वतःस्फूर्त रूपमा प्रस्फुटित हुन्छन्। त्यतिबेला मनमा स्नेह र सम्मानको भाव प्रबल हुन्छ। टाढाको होइन नजिकपनको आभास त्यहाँ अभिव्यक्त भइरहेको हुन्छ। जस्तै, कसैलाई बिदाइ वा स्वागत गरिँदा, कसैसँग भेट हुँदा, कसैको जन्मदिनमा बधाइ र शुभकामना दिँदा वा लिँदा अथवा कोही सम्मानित वा पदोन्नति हुँदा असीम खुसीले अँगालोमा बेरेर गर्व र हर्षले धाप मारिन्छ। खुसी साटासाट गरिन्छ। खुसीको भावना बाँडिन्छ। मिठो-मसिनोको स्वाद लिइन्छ। यस्तै दिन सधैं आइरहून् भनी प्रार्थना गरिन्छ।

यी क्षणमा मित्रताको पवित्र भावना स्वतः व्यक्त हुन्छ। त्यसमा कसैको 'करकाप'ले रोक्न सक्दैन। यो 'मन'देखि त्यो 'मन'सम्म जोडिने एउटा अदृश्य 'सेतु' हो, जहाँ भावनाको 'स्वच्छन्द' प्रवाह हुन्छ। हाम्रो समाजमा कसैलाई भेट्नासाथ 'चिया पिउनुभयो ?, खाना खानुभयो ?, आराम हुनुहुन्छ ?' जस्ता आत्मीय बोली स्वतः बोलिन्छ। 'नमस्ते, तारेमाम, भगवान शरण, ज्वज्वलपा' भनी विनम्र स्वरमा बोलिन्छ, 'जुम्ल्याहा हात' जोडिन्छ।

कहिलेकाहीं यस्तै शुभ अवसरमा कुनै सानोतिनो 'उपहार' दिइन्छ, लिइन्छ। अनि हात मिलाइन्छ, अँगालो मारिन्छ। हात चुमेर माया र खुसीको असीम भाव व्यक्त गरिन्छ। यी सबै मानवीय स्वभाव र संस्कार पनि हुन्। यसमा कसैले 'दोष' देख्नु, 'खोट' भेट्नु वा 'रोष' प्रकट गर्नु उचित हुँदैन। किनभने, यसमा कुनै 'जबरजस्ती' व्यवहार हुँदैन। यी सबै कार्य सधैं हुँदैनन् र सधैं गरिँदैनन् पनि। यस्तो व्यवहार मनले खाएको मान्छे वा प्रिय आफन्तजनसँग मात्रै गरिन्छ, जहाँ विश्वास र आत्मीयताको बलियो जग गाडिएको हुन्छ।

जे पायो त्यही र जहाँ पायो त्यहीं बिनासन्दर्भ बिनाकाम यस किसिमको कार्य कहिल्यै पनि कसैले गर्दैन र गर्नु उचित पनि हुँदैन। त्यसका लागि एउटा शुभ समय आएको हुन्छ। त्यो क्षणको सदुपयोगले नै वास्तवमा आपसी मित्रतालाई अझ घनिष्ट बनाउन मद्दत गर्छ।

यद्यपि सम्बन्धका यी 'सुगन्धित फूल'लाई हामीले अरूका लागि पनि उदाहरणीय र बासनामय बनाएर राख्न सक्नुपर्छ। यसलाई सधैं सम्मान गर्नुपर्छ। त्यसका लागि तिनमा उम्रिने शंका, स्वार्थ, षड्यन्त्रजस्ता झारपातरूपी वस्तु र विचारलाई गोडमेल गरी फाल्नुपर्छ। यिनमा लुकेको निःस्वार्थ प्रेम र आदरको भावनालाई बुझ्नुपर्छ। यी व्यवहारले हाम्रो सामाजिक सम्बन्धलाई 'बलियो' बनाउँछ। यसले हाम्रो मानव मनको सुन्दरतालाई पनि झल्काउँछ।

यसैबिच 'हेराइ' र 'बोलाइ'को शैलीले पनि हामी प्रभावित हुन सक्छौं। कसैको हेराइ हेरिरहौंजस्तो लागिरहन्छ। त्यस्तो हेराइमा प्रेमपूर्ण मिठासको शीतल आनन्द पाइन्छ। कसैको हेराइ 'घायल' पार्ने 'कायल' गर्ने किसिमको पनि हुन्छ।

कसैको हाँसो 'अट्टहास' पनि हुनसक्छ। त्यही हाँसो कसैको 'माया'को अभिव्यक्ति पनि बन्न सक्छ। यद्यपि यस्तो हाँसोमा मनदेखिको 'मन्द मुस्कान' हुँदा त्यसले नजिकको गाढा सम्बन्धलाई 'प्रतिविम्बित' गर्छ। देख्नासाथ मुसुक्क मुस्कुराउने स्वरूप प्रस्तुत गरिरहेको हुन्छ।

त्यसैले एउटा सामान्य हाँसोको अर्थ र अभिप्राय पनि फरक फरक हुन्छ। खासमा मनदेखिको मुस्कानमय हाँसो, जुन अनुहारको भावभंगीमा पनि प्रेमपूर्ण रूपमा सम्प्रेषित भएको हुन्छ। त्यसले नै साँचो मायाको भाव झल्काउँछ। आखिर हामी सबै मायाका भोका हौं। माया पाउनु ठुलो कुरा हो। माया नपाएर माया गुमाउनु अफसोसको कुरा हो।

त्यसैले हामीले बाँचुन्जेल 'सम्बन्धका सुगन्धित फूल'लाई जोगाएर राख्न सक्नुपर्छ।

# धार्मिक पर्यटन-केन्द्र 'कंकालिनी मन्दिर'



मिथिलेश यादव



सदरमुकाम राजविराजबाट १८ किमि पूर्व र कोसी पुलबाट चार किमि पश्चिम मुख्य पूर्वपश्चिम राजमार्गको उत्तर छेउमा छ- शक्तिपीठ 'कंकालिनी मन्दिर'। यो शक्तिपीठमा मनोकामना पूरा हुने जनविश्वास छ। किंवदन्तीअनुसार भारदहमा मानव बस्तीका लागि जग खन्दै जाँदा फेला परेको दुर्गाको ढुंगे प्रतिमालाई मन्दिर स्थापना गरेर स्थानीयले पूजाआजा सुरु गरेका थिए।

भनिन्छ, सप्तरीको बैरवा गाउँ निवासी उदयानन्द अग्रयाजले सपना देखे। सपनामा देवीले उनलाई भनिन्- मेरो प्रतिमा भारदह गाउँको पिपलको रुखमुनि छ। मन्दिर बनाएर पूजा गर, म तिम्रो वंशको रक्षा गर्नेछु। भोलिपल्ट उत्खनन गर्दा देवीले सपनामा भनेझैं प्रतिमा भेटियो। अनि प्रतिमालाई मन्दिरका रूपमा स्थापना गरेर पूजाआजा गर्न थालियो।

यो किंवदन्ती हो। सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका-१ मा अवस्थित ऐतिहासिक शक्तिपीठ कंकालिनी मन्दिरको। पछिल्लो समय मन्दिर परिसर विस्तार गरेर नयाँ संरचनाहरू निर्माण गर्ने काम भइरहेको छ। धर्मशाला, कार्यालय भवन र अन्य देवीदेवताका मठमन्दिरहरू निर्माण भइरहेका छन्। मन्दिर परिसरमा पार्किङका लागि समस्या छैन। छेउमै पूजा सामग्री बिक्री गर्ने पसलहरू थुप्रै छन्। एक सयदेखि दुई सय ५० रुपैयाँसम्म तिरेर ठिक पारिएको पूजा सामग्रीको ढाकी लिएर मन्दिर प्रवेश गर्न सकिन्छ। घरबाटै पूजा सामग्री बनाएर लिएर जान पनि सकिन्छ।

पर्यटन मन्त्रालय र जिससको २७ लाख सहयोगमा मन्दिरको मुख्य द्वार एवं सय मिटर कम्पाउन्ड लगाइएको छ। आन्तरिक आम्दानीबाट २० लाख रुपैयाँमा जुत्ताचप्पल राख्ने कक्ष, टिकट काउन्टर, सुरक्षा गार्ड कोठा, मुख्य मन्दिरभित्रकै महिषासुर तथा खगरासुर परिसर बनिरहेको छ।

कोसीघाट र बाढीपहिरोबाट मन्दिरको भवन जोगाउन सडक विभागको केन्द्रीय कार्यालयको ८० लाख रुपैयाँ सहयोगमा 'रिटेनिङ वाल' निर्माण गरिएको छ। मन्दिरको पश्चिम किनारमा नौ लाख रुपैयाँमा छठ घाट बनेको छ। २०५९ सालमा झन्डै ७० लाख रुपैयाँ लागतमा उक्त प्राचीन मन्दिरको भवनलाई नयाँ एवं आकर्षक स्वरूप दिइएको थियो। कंकालिनी मन्दिरलाई शक्तिपीठ भनिन्छ। 'मुखले कंकाल च्यापेको' देखेर कंकालिनी देवी भन्न थालिएको लोककथन छ। तर पुरातत्त्व विभागले प्रकाशित गरेको सांस्कृतिक सम्पदाको प्रारम्भिक प्रतिवेदनको आठौं भागमा कंकालिनी भगवतीको स्वरूपको विषयमा 'यो मूर्ति अष्टमातृका देवीमध्येकी एक 'चामुण्डा देवी'को मूर्ति हो भनी लेखिएको पाइन्छ। मार्कण्डेय पुराणअन्तर्गत दुर्गा सप्तशतीमा देवीका रूपहरूको वर्णन गरिएको पाइन्छ। देवीको काली अवतारले असुर चण्ड र मुण्डको वध गर्ने क्रममा दैत्यहरूलाई पक्रँदै, घिच्रो न्याक्दै, पाउले कुल्चँदै, छातीले धक्का दिँदै, मुखमा हाल्दै चपाउँदै, रक्तपान गर्दै उनीहरूको संहार गर्छिन्। कंकालिनी देवीको मूर्ति दुर्गा सप्तशतीमा वर्णित चण्ड-मुण्ड संहारक देवी कालीको स्वरूपसँग मिल्छ।

कंकालिनीको स्वरूप दुर्गाको एउटा रूप कालीको हो भन्ने कुराको पुष्टि बैरवा गाउँको लालमोहरबाट पुष्टि भएको मानिन्छ। कंकालिनी मंदिरको पूजाव्यवस्थाका लागि १८७१ मा राज्यद्वारा गरिएको जग्गादानको लालमोहरको शीर्षमा 'श्री दूर्गाज्यू श्री कालिकाज्यू' भनी उल्लेख गरिएकोबाट कंकालिनी देवी कालीको रूप भएको मान्न सकिन्छ।

देवी महात्म्यका अनुसार देवीको सौम्य, उग्र र सौम्य-उग्र गरी तीनवटा स्वरूप रहेको पाइन्छ। यसमा कंकालिनी उग्र स्वरूपको देवी रहेको प्रतीत हुन्छ, जो अधिकांशतः तान्त्रिक साधकहरूद्वारा पुजिने परम्परा छ। तर कंकालिनी देवीले साधारण भक्तजनलाई पनि सिद्धि प्रदान गर्छिन्। कंकालिनी देवीको प्रचलित नाम सुमिरनको दृष्टिले हेर्दा महाकाली सहस्रनामअन्तर्गत नवौं श्लोकमा 'कंकाली' भनी उल्लेख रहेको पाइन्छ।


Molung HYDROPOWER Company Ltd.

रजिष्टर्ड कार्यालयः रविभवन-१४, काठमाण्डौं, फोन नं.: ०१–५६७०५१८, ५६७०४४२
URL: www.molunghydropower.com.np, E-mail: molung.office@gmail.com

## १६औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०८२/०५/२१)

आदरणीय शेयरधनी महानुभावहरू,
यस मोलुङ्ग हाइड्रोपावर कम्पनी लिमिटेडको मिति २०८२/०५/१९ गते बसेको सञ्चालक समितिको ५१ औं बैठकको निर्णय अनुसार आ.व. २०८१/०८२ को वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल गरी निर्णय गर्ने प्रयोजनका लागि बस्ने भएको हुँदा शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधी मुकरर गरी पठाइदिनुहुन सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा २ बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान :**
मिति : २०८२ साल असोज १० गते शुक्रबार (तदनुसार २६ सेप्टेम्बर, २०२५)
समय : बिहान ९:०० बजे।
स्थान : बाघभैरव ब्याङ्क्वेट नगाँउ कीर्तिपुर काठमाडौं।

**वार्षिक साधारण सभाका प्रस्तावहरू :**
१. वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षले प्रस्तुत गर्नुहुने वित्तीय विवरण सहितको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने सम्बन्धमा।
२. आ.व. २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन र सोही आ.व.को वार्षिक वित्तीय विवरण अन्तर्गत वासलात, नाफानोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र सोसँग सम्बन्धित सम्पूर्ण अनुसुचिहरू अनुमोदन गर्ने सम्बन्धमा।
३. आ.व. २०८२/०८३ को लेखापरीक्षण गर्न कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
४. सञ्चालकको पारिश्रमिक, भत्ता र अन्य सुविधा सम्बन्धमा।
५. प्रबन्ध सञ्चालकको नियुक्ति अनुमोदन सम्बन्धमा।
६. विविध।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**नोट :** साधारण सभा र निर्वाचन सम्बन्धी अन्य आवश्यक जानकारीको लागि कम्पनीको केन्द्रीय कार्यालय का.म.न.पा. वडा नं. १४, रविभवन, काठमाडौंमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।
साधारण सभा सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८२/०५/२० गतेको नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित कम्पनीको सूचना हेर्नुहुन समेत अनुरोध गरिन्छ।



## रिज लाइन इनर्जी लिमिटेड

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १, ललितपुर
फोन नं. ०१-५९००११४
ईमेल: info@ridgeline.com.np, वेभसाईट: www.ridgeline.com.np

### नगद लाभांश वितरण सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०५/२१

श्री शेयरधनी महानुभावहरु,
यस कम्पनीको मिति २०८२/०५/०४ मा सम्पन्न चौथो वार्षिक साधारण सभाबाट पारित गरे बमोजिमको नगद लाभांश मिति २०८२/०५/२२ देखि यस कम्पनीको रजिष्टर्ड कार्यालयबाट वितरण गरिने भएकोले आफ्नो लाभांश बुझि लिनु हुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गर्दछौं।

**नगद लाभांश लिन आउँदा निम्न कागजातहरु लिई आउनु पर्नेछ:**
१. सक्कल शेयर प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत स्थाई लेखा नम्बर (PAN नम्बर) र आफ्नो परिचय खुल्ने कागजातको प्रतिलिपि।
२. स्वयं उपस्थित हुन नसक्ने शेयरधनीहरुले माथि नं. १ मा उल्लेखित कागजातको साथ आफ्नो मञ्जुरिनामा सहित प्रतिनिधि पठाउनु पर्नेछ। प्रतिनिधिले परिचय पत्र समेत लिई आउनु पर्नेछ।



## एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड

ASIAN Life Insurance Company
सबैका लागि सधैंका लागि सुरक्षा...

पो.ब.नं. २५९४३, एशियन लाईफ भवन, मैतिदेवी, काठमाण्डौ,
फोन नं.: ४५३०२७०,४५१०११५, फ्याक्स नं.: ४४४२१३८
कम्पनीको रजिष्टर्ड कार्यालयः वडा नं.७, मेनरोड, बीरगंज, पर्सा।
Email: asianlife@asianlife.com.np
website: www.asianlife.com.np

को

### संस्थापक तथा सर्वसाधारण समूहको हकप्रद शेयर लिलाम बढाबढ गरी बिक्री गर्ने बारेको शिलबन्दी बोलपत्र आह्वानको सूचना

एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको हकप्रद शेयरहरु बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा संस्थापक समूहतर्फ र सर्वसाधारण समूहतर्फका देहाय बमोजिमको शेयरहरुका लागि आवेदन नपरेकाले प्रचलित कानून तथा धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को दफा नं.२१ समेतको प्रावधानलाई आधार मानी उक्त शेयर बोलकबोल बढाबढ गरी बिक्री गर्ने कम्पनीको निर्णय अनुसार उक्त शेयर खरिद गर्न इच्छुक व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले **मिति २०८२/०५/२९ गते बैंकिङ समयसम्म** तपशिलमा उल्लेखित संकलन केन्द्रहरुमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा शेयर लिन कबुल गर्ने हो सो समेत खुलाई गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गर्दछौं।

**बोलपत्रद्धारा बिक्री गरिने अवितरित हकप्रद शेयरको विवरण**

| संस्थापक समूहतर्फ : | सर्वसाधारण समूहतर्फ : |
|---|---|
| ३०,०३८.५७ कित्ता | ३,२८,४७३.९१ कित्ता |

**तपशिल**

| सि.नं. | बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (संकलन केन्द्र)हरु : |
|---|---|
| १ | मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल काठमाण्डौ। |
| २ | मुक्तिनाथ विकास बैंक लिमिटेड, शाखा कार्यालयहरु : ठिमी-भक्तपुर, कुमारीपाटी-ललितपुर, बिर्तामोड, विराटनगर, विरगंज, जनकपुर, हेटौंडा, नारायणगढ, चिप्लेढुङ्गा-पोखरा, बाग्लुङ्ग, बुटवल, घोराही-दाङ, नेपालगंज, विरेन्द्रनगर, धनगढी र महेन्द्रनगर। |

**शिलबन्दी बोलपत्र पेश गर्नुपर्ने शुरु मिति : २०८२/०५/२२ गते, आइतबार**
**शिलबन्दी बोलपत्र पेश गर्नुपर्ने अन्तिम मिति : २०८२/०५/२९ गते, आइतबार**
**न्यूनतम मूल्य प्रति शेयर रु.१००/-**

अन्य विस्तृत जानकारीका लागि **मिति २०८२/०५/१४ गतेको "नागरिक र राजधानी" राष्ट्रिय दैनिकमा** प्रकाशित सूचना हेर्नुहुन अनुरोध गर्दछौं।

**नोट :** बोलपत्रहरु सम्पूर्ण सङ्कलन केन्द्रहरुबाट बिक्री प्रबन्धकको कार्यालयमा सङ्कलन भए पश्चात् बोलपत्र खोलिने मिति समय र स्थान उल्लेख गरी राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरी जानकारी गराएपश्चात् खोलिने छ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**

मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.
A Subsidiary of Muktinath Bikas Bank Ltd.

प्रधान कार्यालयः नारायणचौर, नक्साल, काठमाण्डौं।
फोन नं.: ४५४६१०८/०९, ४५४६४७०
इमेल : info@muktinathcapital.com
वेवसाइट: www.muktinathcapital.com



## साप्सु कालिका हाईड्रोपावर कम्पनी लिमिटेड

केन्द्रिय कार्यालय, काठमाण्डौ।
फोन नं. ०१-५७०५६०८

### आठौ वार्षिक साधारण सभा सम्वन्धि सूचना

श्री शेयरधनी महानुभावहरु,
मिति २०८२/०५/१९ मा सम्पन्न संचालक समितिको बैठकको निर्णय बमोजिम यस साप्सु कालिका हाईड्रोपावर कम्पनी लिमिटेड को आठौ वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, स्थान र समय**
**स्थान** : कम्पनीको कार्यालय, महाराजगंज, काठमाण्डौं।
**मिति** : २०८२/०६/१२ गते आईतबार (तद्नुसार २८ सेप्टेम्बर, २०२५)
**समय** : बिहान १०.०० वजे।

**छलफलका लागि प्रस्तावित विषयहरु:**
**(क) साधारण सभाका प्रस्तावहरु:**
(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने।
(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु छलफल गरि पारित गर्ने।
(३) आ.व.२०८२/०८३ को लागि लेखापरीक्षण कार्य गर्न लेखापरीक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक तोक्ने।
(४) संचालक समितिबाट भए गरेका निर्णय, काम कारवाहीहरु अनुमोदन गर्ने।
(५) संस्थागत सुशासन प्रतिवेदन पारीत गर्ने सम्बन्धमा।
**(ख) विशेष प्रस्ताव :**
(१) कम्पनीको ठेगाना परिवर्तन गर्ने।
(२) कम्पनीको अधिकृत, जारी पुँजी वृद्वि गर्ने।
(३) कम्पनीको प्रवन्धपत्र, नियमावलीमा आवश्यक संसोधन गर्ने।
(४) कम्पनीको प्रवन्धपत्र, नियमावली तथा प्रारम्भिक शेयर निष्काशन सम्बन्धमा नियामक निकायवाट कुनै फेरबदल, संसोधन, थपघट गर्नुपर्ने सुझाव प्राप्त भएमा सो सम्वन्धमा थपघट गर्न संचालक समितीलाई अख्तियारी दिने।
(५) कम्पनीको शेयरको प्रारम्भिक सार्वजनिक निश्कासन गर्ने सम्वन्धमा गत बर्ष निर्णय भएकोमा सो विषयमा आवश्यक परीमार्जन गरी धितोपत्र बोर्डमा स्वीकृतीको लागी पुन पेश गर्ने।
**(ग) विविध :**

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**



## वर्गीकृत विज्ञापन/डिस्प्ले

**घरजग्गा बिक्रीमा**

ज्ञानेश्वर मेनरोडमा २ आना १ दाम जग्गा सुपथ मुल्यमा: ९७६७२४२३५४

४५ लाखमा लुभु बसपार्क नजिक सिरुटार ठिमी जाने मेनरोडमा ६ आना जग्गा: ९७६७२४२३५४

काठमाण्डौ हाँडीगाउँ नजिकै विशालनगरमा ०-६-०-० जग्गा बिक्रीमा : 9841420589

स्वयम्भु भगवानपाउको अत्याधुनिक घर तुरुन्तै बिक्रीमा ९८०६६५८८००, ९८०३८२२२७२

प्राईम लोकसनमा १,६०,०००,०००|- घर बिक्रीमा ९७६७२४२३५४

काठमाडौं गोलढुंगाको तुरुन्तै बिक्रीमा: ९७६७६५५२९५, ९८०३२३१८७६

**वर्गीकृत डिस्प्ले**

कलर प्रति बक्स
१X५ = रू.१८००/-* मात्र
१X१० = रू.४०००/-* मात्र

श्याम/श्वेत प्रति बक्स
१X५ = रू.१२५०/-* मात्र
१X१० = रू.२८००/-* मात्र

*मू.अ.क. बाहेक

मार्केटिङ विभाग: ४२६५१०० एक्सटेन्सन ३१२
email: classified@nagariknews.com